# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, वैशाख २९ गते २०३८ साल

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबारको
### विज्ञप्ति

श्री ५ महाराजाधिराजका हजूरमा प्रधानमन्त्री श्री सूर्यबहादुर थापाले राष्ट्रिय पंचायतका सदस्यहरूको निर्वाचन सम्पन्न भएको र निर्वाचनको परिणाम घोषणा भए पछि संशोधित नेपालको संविधान अनुसार प्रधानमन्त्रीको नियुक्ति र मन्त्रिपरिषद्को गठन हुन आवश्यक भएको कारण दर्शाई प्रधानमन्त्रीको पदबाट आजैका मितिमा चढाउनुभएको राजीनामाको व्यहोरा मौसूफका हजूरमा जाहेर हुँदा, मौसूफबाट नेपालको संविधान अनुसार राष्ट्रिय पंचायतको अधिवेशन प्रारम्भ भएपछि राष्ट्रिय पंचायतको सिफारिशमा प्रधानमन्त्रीको नियुक्ति नभएसम्मका लागि हाल भैरहेकै मन्त्रिपरिषद्ले नै साविकबमोजिम कामकाज चलाउन हुकुम बक्सेकोले सर्वसाधारणको जानकारीको लागि यो विज्ञप्ति प्रकाशित गरिएको छ ।

हुकुम बक्से बमोजिम,

रञ्जनराज खनाल

श्री ५ महाराजाधिराजका प्रमुख सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९८१

## श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
## राजदरबारको
## सूचना

श्री ५ महाराजाधिराजबाट थाइल्याण्डको लागि शाही नेपाली राजदूत श्री खेलेन्द्रप्रसाद पाण्डेलाई मलेशियाको लागि पनि शाही नेपाली राजदूत पदमा नियुक्त गरिबक्सेको छ ।

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

## श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
## राजदरबारको
## सूचना

श्री ५ महाराजाधिराजका हजूरमा महान्यायाधिवक्ता श्री रमानन्दप्रसाद सिंहले महान्यायाधिवक्ताको पदबाट चढाउनुभएको राजीनामा मौसूफका हजूरमा जाहेर हुँदा, मौसूफबाट निजले आजसम्म ईमानदारीपूर्वक गरी आएको कामको निमित्त धन्यबाद बक्सँदै उक्त राजीनामा स्वीकृत गरिबक्सेको छ ।

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।